# महाबु गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
गैडाबाज, दैलेख

कर्णाली प्रदेश नेपाल
Website: www.mahabumun.gov.np
Email: mahabugaupalika74@gmail.com

प.स. - २०८०/०८१
च.नः-

मिति: २०८१/०१/०२

**आगलागी तथा वन डढेलो नियन्त्रण सम्बन्धी सूचना ।**

प्रस्तुत विषयमा विगत केही दिनयता देशका विभिन्न भूभागमा रहेका वन जंगलमा आगलागीका कारण नियन्त्रण गर्न नसक्ने गरी डढेलो फैलिएको पाइन्छ । डढेलोले वायुमण्डललाई प्रदुषित बनाएसँगै कतिपय मानव बस्ती जोखिममा परेका छन् । डढेलोले पर्यावरण लगायत जडिबुटी र काठ दाउरा, कार्बन उत्सर्जन, पुनरूत्पादित साना विरुवा नोक्सान गरी जैविक तथा पर्यावरणीय क्षति बढाउँदै जनजीवनमा प्रत्यक्षरूपमा नकारात्मक प्रभाव पारेको छ । वनजंगल क्षेत्रमा रहेका खानेपानीका पाइपलाइनमा नोक्सानी पुर्याउनुका साथै वन जंगलसँग जोडिएका वस्तीहरूमा जनधनको क्षति समेत पुर्याएको छ। सुख्खा तथा हावाहुरी चल्ने वर्तमान मौसममा आगलागी र डढेलोको जोखिम बढ्दोछ ।

त्यसैले महाबु गाउँपालिका क्षेत्र भित्रका सबै प्रकृतिका वन जंगलमा डढेलो नियन्त्रणका लागि तुरुन्त वडा कार्यालय, सव डिभिजन वन कार्यालय, प्रहरी चौकी, डिभिजन वन कार्यालय दैलेख, जिल्ला प्रहरी कार्यालय दैलेख, गाउँ कार्यपालिकाको कार्यालय, गाउँपालिका भित्रका जनप्रतिनिधि र सामुदायिक उपभोक्ता समितिका पदाधिकारीहरूलाई जानकारी दिनुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। वन जंगलमा डढेलो लगाउने व्यक्तिको परिचय गोप्य रूपमा उपलब्ध गराउने व्यक्तिलाई नाम गोप्य राखी उचित पुरस्कारको व्यवस्था गरिनेछ । साथै वन ऐन २०७६ को दफा ५० को उपदफा (४) मा भएको विगो असुल गरी तीन वर्ष सम्म कैद वा साठी हजार रूपैया सम्म जरीवाना वा दुवै सजाय हुने उल्लेख भएकोले कानुनी कारवाहीका लागि प्रक्रिया बढाइने व्यहोरा समेत जानकारी गराइन्छ । आफ्नो क्षेत्रको पर्यावरण संरक्षण गरी मानवीय अस्तित्वको जगेर्ना गर्नु हामी सबैको दायित्व र कर्तव्य भएकोले आगलागी र डढेलोका घटना रोकथाम र नियन्त्रण गर्नका लागि आम सरोकारवालाहरूले आवश्यक सहयोग र सहजिकरण गर्नु गराउनुहुन सम्बन्धित सबैमा हार्दिक अनुरोध गरिन्छ ।

उदयराज उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत